# मंगलसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# मंगलसेन, अछाम

## विभिन्न साझेदार गैरसरकारी संघ/संस्थाहरू मार्फत सञ्चालित परियोजना तथा कार्यक्रमहरूको संक्षिप्त जानकारी

(आर्थिक वर्षः २०८२/०८३)

# हेल्भेटास-नेपाल/सेवक नेपाल

१. एकिकृत जलश्रोत व्यवस्थापन कार्यक्रम

१. परियोजनाको परिचयः

हेल्भेटास नेपालको खानेपानी, सरसफाई एवं स्वच्छताको क्षेत्रमा पूर्ववर्ती परियोजनाहरुबाट प्राप्त लामो अनुभव एवं सिकाईहरूको आधारमा सन २०१७ देखि एकिकृत जलश्रोत व्यवस्थापन कार्यक्रमको नामले सञ्चालन गरिएको महत्वपूर्ण परियोजना हो। यस कार्यक्रमले आफ्नो कार्यक्षेत्रका पालिकाहरूमा जलश्रोत पहिचान गरी तिनको विविध उपयोगको योजना तर्जुमा, खानेपानी तथा बहुउपयोगी जल योजनाहरूको निर्माण, सरसफाई र स्वच्छता प्रवर्द्धन तथा स्थानीय समुदाय एवं संघ संस्थाहरूको क्षमता विकास गर्न सहयोग गर्दछ।

२. परियोजनको अवधिः सन् २०२५ सेप्टेम्वर २३ देखि २०२६ जुलाई ३१ सम्म

३. परियोजनाको उद्देश्यः यस परियोजनाले ३ वटा परिणामहरु देख्न सक्ने उद्देश्य रहेका छन् ।

- स्थानीय सरकार, दातृ निकाय तथा अन्य सरोकारवाला संगथकव सहकार्यमा गरिब तथा जोखिममा परेका समुदायको जीविकोपार्जन, विपद जोखिम न्युनिकरण (DRR), जलवायु परिवर्तन, ग्रामिण पूर्वाधार, WASH, स्वास्थ्य, पोषण, सुशासन, शिक्षा लगायतका सुरक्षित, समावेशी र न्यायसंगत विकास तथा मानविय सेवाहरूमा पहुँच सुदृढ गर्ने।
- समान समावेशी र दिगो विकास हस्तक्षप मार्फत महिलाहरू, सिमान्तकृत, बञ्चित र विपन्न समुदायहरूको जीविकोपार्जन, खाद्य सुरक्षा एवं सामाजिक सुरक्षामा सुधार ल्याउँने।
- मुलभूत मानवअधिकार, सुशासन र लैङ्गिक समानतामा पहुँच विस्तार गर्न समुदायको क्षमता विकास तथा सशक्तिकरण गर्ने।

४. परियोजनाको कार्यक्षेत्रः मङ्गलसेन नगरपालिकाका वडा नं. १-१४ सबै।

५. संस्थाबाट परिचालितहुने अनुमानित बजेटः रु.१२८६३३५६/-

६. अपेक्षित उपलब्धिहरू:

- कार्यक्षेत्र भित्रका सवै महिला पुरूषले घर विद्यालय तथा अन्य सार्वजनिक स्थलहरू कार्यालयहरूमा सुरक्षित पिउने पानी, सुधारियको सरसफाई र स्वच्छता सुविधामा वृद्धि भएको र दीगो पहुँच प्राप्त गर्ने।
- समुदायका मानिसहरूले पानिकव श्रोतहरुको संरक्षण गरेका छन र दिगो तथा जलवायु लचकदार पानी व्यवस्थापन पहलहरू कार्यान्वयन गरेका छन। साथै बहुउपयोगी पानी प्रणालीबाट प्राप्त अतिरिक्त पानीको प्रयोग सिंचाई तथा अन्य आय आर्जन गतिविधिहरूका लागी सक्रिय।
- विशेषगरी स्थानीय तहका क्षेत्रीय निकायहरूले आफ्नो क्षेत्रहरूमा WASH केन्द्रित एकिकृत जलश्रोत व्यवस्थापनको योजना तथा कार्यान्वयन गर्न क्षमता, ज्ञान र सीपमा वृद्धि।

मङ्गलसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालय मङ्गलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

# वाक–नेपाल, अछाम

१. किशोरी तथा युवतीहरुका लागी सुरक्षित एवं सहयोगी वातावरण (सेफ गर्ल्स) परियोजना

**१. परियोजनाको परिचयः**

KOICA, UNFPA तथा Good Neighbors International Nepal को साझेदारीमा वाक नेपाल द्वारा संचालित Safe Girls परियोजना किशोरी तथा युवातीहरुले अनुभव गर्ने हानिकारक अभ्यास र लैङ्गिक हिंसालाई लक्षित गर्दछ । परियोजना अन्तर्गत भौतिक रुपमा भेटेर एवं विद्युतिय माध्येमहरुको प्रयोग गर्दै सिकाई, परामर्श तथा दौतरीहरु माझको छलफलहरु मार्फत आफ्ना यौन तथा प्रजनन स्वास्थ्य एवं अधिकारहरु लगायत आफ्ना जीवनको बारेमा स्वतन्त्र निर्णय गर्नका लागी आवस्यक सामाजिक पुंजी किशोरीहरुले बिकास गर्नेछन् । यस परियोजनाले लैङ्गिक हिंसा र हानिकारक अभ्यासहरुलाई लक्षित गरी तिनको प्रतिकार्य गर्न युवती तथा किशोरीहरुको व्यक्तिगत र सामुहिक क्षमता अभिबृद्धि गर्नका साथै मानविय संकटका अवस्था लगायतमा पनि उनीहरुको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारमा पहुच बढाउनेछ ।

**२. परियोजनको अवधिः** सन् २०२५ देखि २०२७ सम्म

**३. परियोजनाको उद्देश्यः** यस परियोजनाले ३ वटा परिणामहरु देख्न सक्ने उद्देश्य रहेका छन् ।

- समाजमा परिवर्तनका वाहकको रुपमा काम गर्ने किशोरी तथा युवतीहरुको क्षमता बढेको हुनेछ।
- लैङ्गितामा आधारित हिंसा पिडित वा प्रभावितहरका लागी सहयोग र रोकथाम प्रणालीहरुमा सुधार भएको हुनेछन्।
- बृहत्तर यौनिकता शिक्षाको गुणस्तर तथा पहुच बढेको हुनेछ।

**४. परियोजनाको कार्यक्षेत्रः**

यस परियोजना मंगलसैन नगरपालिकाका सम्पुर्ण वडाहरुमा लागु भएको छ । खास गरि १० वटा माध्यमिक बिद्यालयहरुमा किशोरी समुह गठन गरी किशोरीहरु प्रत्यक्ष लाभान्वित भएका छन् साथै स्वास्थ्य सेवा प्रदायक सस्थाहरु संग काम गरिरहेको छ ।

**५. संस्थाबाट परिचालितहुने अनुमानित बजेटः** रु.११,१४९,३४१.५ (आ. ब. २०८२/२०८३)

मङ्गलसैन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मङ्गलसैन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

## २. पावर परियोजना

१. परियचः

परियोजनाको नामः पावर परियोजना (POWER4AY Project)

साझेदार संस्थाः सेभ द चिल्ड्रेन

विषयगत क्षेत्रः जिविकोपार्जन तथा शिक्षा –८९ प्रतिशत, यौन तथा प्रजनन स्वास्थ्य -४ प्रतिशत, सरसफाई– ७ प्रतिशत ।

लक्षित वर्गः अति गरिब तथा विपन्न परिवारका किशोर किशोरी तथा युवाहरु (महिला ५० प्रतिशत, अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष प्राथमिकता)

उमेर समुहः १३–२४ वर्ष

परियोजनाको योगदानः वाक नेपालको रणनितिक उद्देश्य प्राप्तिका साथै दिगो बिकास लक्ष सन् २०३० को उपलब्धि प्राप्तीमा सहयोग पुग्ने गरि पावर परियोजनाले जिविकोपार्जन, शिक्षा, यौन तथा प्रजनन स्वास्थ्य र सरसफाई सम्बन्धि क्रियाकलाप सञ्चालन गरी योगदान पुर्याउदै आएको छ ।

**२. कार्यक्रमको समयावधिः** जुलाई २०२१ - जुन २०२६

**३.उद्देश्यः** मंगलसेन नगरपालिकामा असमानता, भेदभावमा परेका किशोर किशोरी तथा युवाहरुको सर्वाङ्गिण विकासमा सुधार गर्न सहयोग पुर्याउने ।

**४. कार्यक्षेत्रः** मंगलसेन नगरपालिका वडा नं ३, ४, ५, ६ र ७

**५. संस्थाबाट परिचालन हुने अनुमानित बजेटः** १३,२७,०००।०० (सन् २०२६ अर्थात चालु आर्थिक वर्ष २०८२/०८३)

**६. अपेक्षित उपलब्धिः**

क. किशोरावस्थामा हुने गर्भधारणमा कमि आएको हुनेछ ।

ख. लैङ्गिक समावेशीतामा आधारित कार्यमुलक साक्षरता वृद्धि तथा किशोरकिशोरीहरुको शैक्षिक मार्गमा सहयोग पुगेको हुनेछ ।

ग. किशोरकिशोरी एवम् युवाहरुको सम्मानजनक रोजगारीमा पहुँच वृद्धि भएको हुनेछ ।

घ. किशोरकिशोरीको व्यक्तिगत विकास तथा वित्तिय सशक्तिकरणका निम्ति अपाङ्गमैत्री, लैङ्गिकमैत्री नीति तथा योजनाको निर्माणमा सहयोग भएको हुनेछ ।

मङ्गलसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालय मङ्गलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

## ३. HIV/AIDS Care Support परियोजना

१. परिचयः

एच.आई. भि.को संक्रमण र यस बाटहुने मृत्युलाई कमगर्नका लागी राष्ट्रिय रणनितीक योजना सन् २०२१ -२०२६ ले परिलक्षित उद्देश्य अनुरुप एच.आई.भि तथा एड्स हेरचाह र सहयोग परियोजना भित्र समुदायमा आधारित हेरचाह र सहयोग, सामुदायिक स्याहार केन्द्र र Child affected by AIDS-CABA cash Transfer लगायत संक्रमितका सवालमा वकालतका कार्यहरु गरिदै आएका छन। अछाम जिल्लामा संक्रमितका लागी सामुदायिक स्याहार केन्द्र, समुदायमा आधारित हेरचाह र संक्रमित बालबालिकालाई गुणस्तरिय स्वास्थ्य सेवामा पहुच पुर्‍याई दिर्घजीवनको लक्ष्य प्रसिका लागी जिल्लाका ६०० भन्दा बढी एच.आई भि. संक्रमितलाई समुदायमा स्वास्थ्य सेवा, परामर्श, औषधि उपचार, जोखिममा रहेका लक्षित समुहको सहभागीतामा रगत परिक्षण तथा नया संक्रमितलाई स्वास्थ्यमा प्रेषण गर्ने कार्यहरु यस परियोजना मार्फत गरिदै आएको छ ।

२. परियोजनाको अवधिः सन् २०२१-२०२६

३. परियोजनाको कार्यक्षेत्रः मङ्गलसैन नगरपालिकाका सबै वडा

४. परियोजनाको उद्देश्यः

- नयाँ संक्रमण दर घटाउने।
- एचआईभी तथा एड्सका कारण हुने मृत्यु दर घटाउने।
- एचआईभी तथा एड्सका कारण हुने कलंक तथा विभेद घटाउने।

५. प्रमूख उपलब्धीहरुः

- २ वटा सामुदायिक स्याहार केन्द्रवाट (सि.सि.सि हाल १ वटा सि एम सि) बाट ३९६ जना एच. आई. भि संक्रमितले पटकपटकगरी (२४४० पटक) सेवाप्रदान गरिएको छ ।
- ५६१ जना एच. आई. भि संक्रमितलाई समुदायस्तरमा घरभेटघाट गरी नियमित स्वास्थ्य उपचार, सरसफलाई, पोषण र परामर्श तथा एच. आई. भि संक्रमितको स्वास्थ्य अवस्था हेरि मासिक तथा त्रैमासिक रुपमा पटक पटक घर भेटघाट ।
- संक्रमित बालबालिका आफ्नो अभिभावकको संरक्षणमा संरक्षित भई बिधालय तथा स्वास्थ्य सेवामा पहूच।
- एच .आई.भि. संक्रमितका परिवार सदस्य तथा जोखिमताको संजालमा रहेका ब्यक्तिहरुको रगत जाँच ।
- ५ बर्षमुनिका २ जना ◌संक्रमित बालबालिकालाई पोषिला खाधान्न सामाग्रीहरु उपलब्ध गराई स्वस्थ रुपमा जीवन सहयोग भएकोछ ।
- एच. आई. भी. संक्रमितहरुका सवालमा पालिका स्तरका सरोकारवालाका बिच समन्वय बैठक ।

६. अनुमानित बजेटः रु. ३,४४,३३१

मङ्गलसैन नगरपालिका नगरकार्यपालिकाको कार्यालय मङ्गलसैन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

## ४. समुन्नत पोषण परियोजना

१. परिचयः

बहु-क्षेत्रीय पोषण योजना (२०२३-२०३०) को प्रभावकारी र कुशलकार्यान्वयनको लागीदिगो र समावेशी पोषण प्रशासनलाई सुदृढ गर्न स्वास्थ्य तथा पोषणको क्षेत्रमा काम गर्ने गरी मंगलसैन नगरपालिकामा युरोपियन युनियनको आर्थिक सहयोग र LI-BIRD को नेतृत्वमा संचालित जसमा WHH बाट प्राविधिक सहयोगमा सामाजिक आर्थिक जोखिम्मा रहेका ब्यक्तिहरु तथा ५ बर्ष मुनिका बालबालिका, महिला र युवाहरुको नेतृत्वमा समुदायमा आधारित संगठन, स्थानिय निकायहरु र सहकारीहरु (विशेष गरी कृषिमा संलग्न) समुन्नत पोषणका लागी समाबेशी सुशासन परियोजना संचालन भैरहेको छ ।

२. परियोजनाको अवधिः सन् २०२५ देखि २०२८ सम्म

३. परियोजनाको कार्यक्षेत्रः मंगलसैन नगरपालिकाका सवै वडा

४. प्रमुख उपलब्धीहरुः

- समुन्नत पोषणका लागि समावेशी सुशासन परियोजनाको परिचयात्मक कार्यक्रम सम्पन्न भई परियोजना संञ्चालनको लागि पालिकाबाट स्वीकृती लिइएको ।
- कार्यक्रम कार्यान्वयनको चरणमा रहेकोले अन्य गतिविधिहरू अघि बढ्ने क्रममा रहेको।

५. अनुमानित बजेटः रु. १८,०५२,२४७ (कार्यक्रम सञ्चालित अछाम जिल्लाका ५ वटै पालिकाहरूमा)

मङ्गलसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालय मङ्गलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

## सि एम सि नेपाल थापाथलि काठमाण्डौं

**१.परियोजनाको संक्षिप्त परिचय** : लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना दोस्रो चरण

साझेदार संस्था :संयुक्त राष्ट्र जनसंख्या कोष ( UNFPA)

विषयगत क्षेत्र:लैङ्गिक हिंसा प्रभावित

लक्षित वर्ग:लैङ्गिक हिंसा प्रभावित महिला, बालबालिका, पुरुष र अन्य

उमेर समुह : जुन सुकै उमेर पनि

संयुक्त राष्ट्र जनसंख्या कोष ( UNFPA) र अछाम जिल्लाका ३ वटा पालिका मंगलसेन, साफेबगर र कमलबजार नगरपालिकाको आर्थिक सहयोग र सि एम सि नेपाल को प्राविधिक सहयोगमा लैङ्गिक हिंसा प्रभावितहरुलाई सहयोग गर्ने उद्देश्येले यो कार्यक्रम संचालन गरिएको हो । मंगलसेन नगरपालिकामा आ व २०८२/८३ मा यो कार्यक्रमको ५५ % र पालिकाको ४५ % साझेदारिमा कार्यक्रम संचालन गरिएको छ । जसमा ६ जना CPSW, १ जना CPSW coordinator र २ जना Case Manager नगरपालिकाले नियुक्त गरिएका छन भने सि एम सि नेपालका मनोपरामर्श कर्ता १ जना रहेका छन । CPSW ले समुदायमा घरभेट गर्ने, अभिमुखिकरण गर्ने र केस पहिचान गरि भावनात्मक सहयोगका साथै सम्वन्धित निकायमा रिफर गर्ने गर्छन, यसै गरि CPSW coordinator ले पालिकामा बसेर CPSW लाई सहयोग गर्ने, CPSW ले पठाएको केसलाईआवस्यकता अनुसार समन्वय सहयोग गर्ने, पालिकाका विभिन्न शाखा, वडाकार्यालय, स्वास्थ्य संस्था र विभिन्न सरोकार वाला संग समन्वय गर्ने र गरेका क्रियाकलापहरुको मासिक प्रतिवेदन तयार गर्ने गर्छन र Case Manager ले जिल्ला अस्पतालमा रहेको OCMC मा रहेर केस व्यवस्थापनमा सहयोग गर्ने र आवस्यकता अनुसर समन्वय र सहकार्य गर्ने गर्छन । सि एम सि नेपालका मनोपरामर्श कर्ताले CPSW, CPSW coordinator र Case Manager लाई आवस्यकता अनुसार सहयो गर्ने,सरोकारवाला संग समन्वयसहकार्य गरेर काम गर्ने,विभिन्न मिटिङ्ग वैठक गर्ने र OCMC मा केसलाई मनोपरामर्श गर्ने आवस्यकता अनुसार केस व्यवस्थापन गर्ने । यसरि मंगलसेन नगरपालिकामा यो कार्यक्रमले कामगरिरहेको छ ।

२. समयावधि : जुलाई २०२१ जुन २०२६

३. उद्देश्य: मंगलसेन नगरपालिकामा लैङ्गिक हिंसा सम्बन्धि जनचेतना मुलक कार्यक्रम गरि लैङ्गिक हिंसा प्रभावित पहिचान गरि आवस्यक सहयोग गर्ने ।

४. कार्यक्षेत्र: मंगलसेन नगरपालिका१, ३ , ५ , ६, र ८ भए पनि पालिकालेपुरै पालिका भरि कार्यक्रम गरिरहेको छ ।

मंगलसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

५. अनुमानित बजेटः आ व २०८२/८३ मंगलसेन नगरपालिकाको रु १५,०३,६२२ र यो परियोजानाको वा सि एम सि नेपालबाट रु ५८,५०,०२८ गरि जम्मा रु ७३,५३,६५० छ ।

६. अपेक्षित उपलब्धिः:

क) लैङ्गिक हिंसा को बारेमा समुदायमा समुदायका व्यक्तले वुझ्ने छन र हिंसा न

न्यूनिकरण हुने छ। हिंसा भैहालेमा लैङ्गिक हिंसा प्रभावित सम्बन्धित ठाउमा सेवा लिमन सक्ने हुने छन ।

ख) लैङ्गिक हिंसाको कारणले मानसिक स्वास्थ्यको कारणले समस्या भएको छ भने मानसि स्वास्थ्य उपचार गराउने र औसिध खान सक्ने छन ।

मङ्गलसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालय मङ्गलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

## उन्नती, काठमाडौ, नेपाल

१. संस्थाको नाम र ठेगानाः उन्नती, काठमाडौ, नेपाल

२. परियोजनाको नामः रातो बाल्टिन, हेप्पी ओमन तथा एडुफेम तथा हेप्पी ओमन परियोजना

३.परियोजना स्थलः मंगलसेन नगरपालिका अछाम

४. परियोजनाको अवधिः ३ वर्ष

क) शुरु हुने मितिः १ मे २०२५ (ख) सम्पन्न हुने मितिः ३० अप्रिल २०२८

५. कार्यक्रमको उद्देश्यहरुः

- किशोर-किशोरीहरूलाई महिनावारी सम्बन्धी स्वास्थ्य, सरसफाई तथायौन र प्रजनन स्वास्थ्य (SRH) सम्बन्धी शिक्षा प्रदान गर्ने ।
- महिनावारी अवधिमा महिलाहरू तथा किशोरीहरूलाई राम्रो सरसफाईको अभ्यास गर्न प्रोत्साहन गर्ने, क्षमता अभिवृद्धि गर्ने र उनीहरूलाई सहज महसुस गराउने उद्देश्यले चेतना अभिवृद्धि तथा तालिम सञ्चालन गर्ने ।
- महिलामा सीपमुलक तालिम तथा आयआर्जन गर्ने अवसर प्रदान गरी आवश्यकतामा रहेका पिछडिएको समुदायका महिलाहरूलाई आर्थिक सशक्तिकरणमा सहयोग गर्ने ।
- इच्छुक विद्यालय जाने किशोरीहरू र महिलाहरूलाई महिनावारीको समयमा प्रयोग गर्न मिल्ने मेनस्ट्रुअल कप वितरण गर्ने ।
- उच्च शिक्षाका लागि विशेष आवश्यकतामा रहेका पिछडिएको समुदायका युवतीहरूलाई शैक्षिक सहयोग प्रदानगर्ने ।

६. अपेक्षीत उपलब्धिः

- बालबालिका तथा समुदायका सदस्यहरुको जनस्वास्थ्य, महिनावारी सरसफाई, समग्र विकास र संरक्षण लगायतका सवालहरुमा सचेतना, ज्ञान अभिवृद्धि तथा क्षमता विकास भई बालबालिका, किशोरकिशोरीहरुको शैक्षिक, स्वास्थ्य र समग्र अवस्थामा सुधार भएको हुनेछ ।
- गरिव, अति विपन्न, विशेष आवश्यकता रहेका युवा महिलाहरुका लागि शैक्षिक सहयोग उपलब्ध भई उनीहरुको शिक्षामा नियमितता हुनुका साथै शैक्षिक अवस्थामा सुधार भएको हुनेछ ।
- विद्यालय तथा समुदाय तहमा जनस्वास्थ्य, महिनावारी सरसफाई, समग्र विकास र संरक्षण लगायतका अवस्थामा सुधार भएको हुनेछ ।
- अति आवश्यकतामा रहेका महिलाहरुका लागि सिप विकास र जिविकोपार्जनसँग सम्वन्धित कार्यक्रमहरुले सहभागी महिलाहरुको आर्थिक, सामाजिक अवस्थामा सुधार हुनेछ ।

७. अनुमानित वजेटः ४०,००,००० (वार्षिक)

मङ्गलसेन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मङ्गलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल